# ज्ञानज्योति

आध्यात्मिक तथा नैतिक जागृतिका लागि समर्पित

वर्ष : १५ अंक : १०  मासिक  २०७२ वैशाख




**सातदोबाटो** : परमात्म-शक्तिद्वारा महापरिवर्तनको समय विषयक कार्यक्रमको उद्घाटन गर्नुहुँदै राजयोगिनी राज दिदीजी, अर्थ सचिव सुमन प्रसाद शर्मा, प्रा.डा. जागेश्वर गौतम, पूर्व प्रधान सेनापति रुक्माङ्गद कटवाल एवं ब्रह्माकुमारी कुमारी ।



**शिवनगर, चितवन** : नारायणी विद्या मन्दिर उ.मा.वि.को स्वर्ण महोत्सवको अवसरमा सम्माननीय प्रधानमन्त्री सुशील कोइरालालाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्र.कु. सुवर्ण ।



**नारायणगढ** : राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य सुदीप पाठकलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी लक्ष्मी दिदी ।



**हेटौंडा** : सेवाकेन्द्रमा आयोजित स्वागत कार्यक्रममा प्रमुख जिल्ला अधिकारी राम प्रसाद थपलियालाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी विष्णु ।

## अध्यात्म- विज्ञानको मार्गदर्शक


✍ ब्रह्माकुमार रामलखन, शान्तिवन आबुरोड


आज मानिसहरू हठयोग, कर्मकाण्ड र भक्तिका विविधतालाई नै अध्यात्म मानिरहेका छन् । यस्तो अन्धविश्वासमा फँसेर रक्तपात मचाएका छन् । साम्प्रदायिक कारणहरूले नै २५०० वर्षमा करिब ५००० युद्ध भइसकेका छन् । भेद-भाव, अन्याय, अत्याचारका कारण नै धार्मिक भनाउँदाहरू चलिरहेका छन् । मानवताको टाउकामा कलंक लगाउने यस्ता कुरा आध्यात्मिक हुनै सक्दैनन् । यस्तै क्षुद्रताका कारण धेरै राम्रा मानिसहरूले विज्ञानलाई धर्मभन्दा राम्रो मान्न थालेका छन् । यिनै तमाम कारणले गर्दा आज विज्ञान धर्मको पथ प्रदर्शक बनेको छ । परन्तु अध्यात्म त्यो पावन धारा हो जसमा विज्ञान पनि झुकेर उदार, सत्य, सुखदायी, निरपेक्ष, विश्वहितकारी, विरोधरहित समतायुक्त, पवित्रता-सुख-शान्ति बर्साउन योग्य तथा मैलो भावलाई सफा गर्न निमित्त बन्दछ । यस्तो परम कल्याणकारी अध्यात्मका प्रणेता स्वयं सृष्टिका सृजनहार शिव भगवान् हुनुहुन्छ । सत्यम् शिवम् सुन्दरम्को मूल अध्यात्म नै हो र पुन: विज्ञानको पनि प्रणेता वा स्रोत अध्यात्म नै बन्नेवाला छ । धर्मले शरीरलाई त अध्यात्मले आत्मालाई सिंगार्दछ ।

विज्ञान शोधको विषय हो भने अध्यात्म बोधको । विज्ञान पदार्थको प्रयोग गरेर सुखमय संसार बसाउन चाहन्छ भने सुख-शान्ति-आनन्दमय जीवन जिउने कलाको नाम नै अध्यात्म हो । आत्म-जागृतिद्वारा नै मानवले सम्पूर्णताको वरण गर्न सक्छ । आत्मोत्थान नै अध्यात्मको मूल विषय हो । विज्ञानले सांसारिक तथा शारीरिक सुखलाई नै सर्वोपरि सम्झन्छ । परन्तु आत्मामा आध्यात्मिक चुम्बकत्व बढ्दै गएपछि नर श्री नारायण र नारी श्री लक्ष्मीसमान परम पदको अधिकारी बन्दछन् । आधुनिकतम विज्ञान भौतिक उपलब्धिबाट अब आत्मा परमात्मातर्फ बढ्न शुरु गरेको छ । अध्यात्मको पहिलो पाठले नै आत्मा, परमात्मा र सृष्टिचक्रको गूढ रहस्यलाई उजागर गर्दछ । अणु परमाणुमाथि पनि हामी आत्माहरूको प्रभाव कसरी रहन्छ यो अध्यात्मले नै बताउन सक्छ । मनको शान्ति तथा तनको सौन्दर्य वा समृद्धिको राज आत्मामा नै समाहित हुन्छ । यसै कारण कति बच्चाहरू पैदा भएदेखि नै सारा खुशी साथमै लिएर आउँछन् परन्तु धेरैले जन्मदेखि नै दु:ख लिएर आउँछन् ।

अध्यात्मले कर्म सिद्धान्तलाई स्वीकार गर्दछ । शत प्रतिशत मान्दछ– क्रियाको प्रतिक्रिया सम्बन्धित सिद्धान्त अनुसार कर्मको परिणाम भोग्नै पर्छ । परन्तु विज्ञानद्वारा शरीरलाई नै सबै कुरा मान्नाले मानिसहरू सम्झन्छन्– शरीर छुट्यो अर्थात् सबैकुरा समाप्त । अविनाशी आत्मा नै सुकर्म अथवा विकर्मद्वारा पतित वा पावन बन्दछ । आत्माले नै शरीररूपी यन्त्रद्वारा कर्म विकर्म गर्दछ । त्यसैले त देवात्मा, धर्मात्मा, महात्मा, पापात्मा भनिन्छ, देव शरीर अथवा पाप शरीर कहिल्यै भनिँदैन अर्थात् जस्तो आत्मा हुन्छ उसले त्यस्तै प्रकृतिको कण-प्रतिकणलाई लिएर रूपवान् वा कुरूप शरीर धारण गर्दछ । आत्माको सत्य परिचय नहुने भएकाले नै कलियुगी मानिस हदको सुख दिनेवाला विज्ञानलाई भगवान् सम्झिएर अध्यात्मको बेहद प्रभावलाई बुझ्नै सकिरहेको छैन । अब वैज्ञानिकले पनि अध्यात्म वा विज्ञानलाई पुन: जोड्नुपर्दछ । आध्यात्मिक व्यक्तिहरूले पनि खुला दिलले अब विज्ञानलाई अङ्कमाल गरेर स्वर्णिम सृष्टि बनाउने प्रयत्न गर्नुपर्छ ।

मानिसहरू आज मनलाई चञ्चल भन्दछन् तर साथै यसलाई एकाग्र गरेर अनेकौं आविष्कार पनि भइरहेका छन् । 'मनसँग हारियो भने हार हुन्छ र मनलाई जितियो भने जित हुन्छ', भन्ने उक्ति प्रसिद्ध छ । भगवान् धरामा अवतरित भएपछि मनमना भवको महामन्त्र दिनुहुन्छ । सृष्टिको उत्थान-पतनमा मनको ठूलो योगदान छ । सर्व शास्त्र शिरोमणि गीतामा पनि मनको चञ्चल उडानलाई रोकेर परमात्मा परायण बन्ने उपदेश दिइएको छ । रूप-रंग, गुण र धर्म बदलिने पदार्थ हुन् तर मनलाई एकाग्र गर्नाले अचल अडोल अवश्य हुन सकिन्छ । वैज्ञानिक साधन सुविधाको भरपूर भएपछि पनि कसैको जीवन तृप्त भइरहेको हुँदैन । यसैले अचलेश्वर शिव परमात्माको श्रीमत अनुसार अब आध्यात्मिक विज्ञानको शरण लिनु आवश्यक भएको छ । हाहाकारतर्फ बढिरहेको दुनियाँका लागि अब अध्यात्म नै पथप्रदर्शक बन्नसक्छ ।


बाँकी ७ पेजमा ....

# शिव भगवानुवाच

**सबैभन्दा ठूलो दासी प्रकृति हो । जुन व्यक्तिले प्रकृतिजित बन्ने वरदान प्राप्त गरेका छन् उनीहरूको आज्ञा अनुसार सर्वशक्ति तथा प्रकृतिरूपी दासीले कार्य गर्दछन् अर्थात् समयमा सहयोग दिन्छन् । तर यदि प्रकृतिजित बन्नुको सट्टा आलस्यको निद्रामा वा अल्पकालीन प्राप्तिको नशामा वा व्यर्थ संकल्पको नाचमा मस्त भएर आफ्नो समय गुमायौं भने शक्तिले आज्ञा अनुसार कार्य गर्न सक्दैन, त्यसैले जाँच गर– पहिला मुख्य संकल्प शक्ति, निर्णय शक्ति र संस्कारको शक्ति यी तीनै आज्ञा अनुसार चलेका छन् ?**

## सम्पादकीय

## शुभकामना २०७२ लाई

एउटा मान्छे नयाँ बन्दै गरेको मन्दिर हेर्नका लागि जान्छ । मन्दिर परिसरमा देवताको मूर्ति बनाउँदै गरेको मूर्तिकार भेट्दछ । मूर्ति बनाउँदै गरेको हेरिरहँदा अकस्मात उसको नजर मूर्तिकारभन्दा केही मिटरमात्र पर रहेको मूर्तिमा पर्दछ, जुन मूर्तिकारले अहिले बनाइरहेको मूर्तिसित हुबहु मिलेको छ । यो देखेर आश्चर्यचकित हुँदै त्यो मान्छेले मूर्तिकारलाई सोध्दछ– के तपाईंलाई एउटै देवताको दुईओटा मूर्ति बनाउन भनिएको छ र ?

अहँ छैन, मूर्तिकारले भने, वास्तवमा मैले एउटैमात्र बनाउनुपर्ने हो तर त्यो पहिलो मूर्तिको लगभग अन्तिम समयमा यस्मा केही केरिन पुग्यो । त्यसैले अर्को मूर्ति बनाउन थालेको हुँ ।

मूर्तिकारको जबाफ सुनेपछि त्यो मान्छेले पहिलेको मूर्तिलाई राम्ररी हेर्न थाल्यो । धेरै बेरसम्म हेरेपछि पनि उसले उक्त मूर्ति कतै पनि बिग्रिएको नदेखेपछि मूर्तिकारलाई सोध्यो, होइन यहाँ त कहीं पनि कोरिएको देखिदैन नि ।

मूर्तिको नाकतिर केही कोरिएको छ । मूर्तिकारको जवाफ थियो ।

'त्यो मूर्ति कहाँनिर राखिने हो नि ?' त्यो मान्छेले सोध्यो ।

त्यो मूर्तिलाई २० फिट उचाईको खम्बामाथि राखिने छ । मूर्तिकारले भन्यो । आश्चर्य चकित हुँदै त्यो मान्छेले फेरि आफ्नो जिज्ञासा राख्यो, यो मूर्तिलाई २० फिटको उचाईमा राखिँदै छ भने मूर्तिको नाकमा रहेको जाबो यति सानो खोटलाई कसले पो देख्न सक्छ र ?

त्यो मान्छेको जिज्ञासा सुनेपछि मूर्तिकारले उसलाई एकचोटि हेरेर मुस्कुराउँदै भन्यो, भगवान्ले देख्नुहुन्छ र मैले देख्छु ।

व्यक्ति स्तब्ध । ज्ञानको पराकाष्ठा हो यो । सभाको माझ एकाध क्षणका लागि साधु बन्न अति सहज छ । बर्षौंसम्म आफ्ना कमजोरीलाई ढाक्न पनि सकिन्छ, अरूलाई झुक्याउन सहजै छ । नौला कुरा रहेनन् आज यी कुरा समाजमा । जो, जो हुनुपर्ने हो, त्यो रहेन । जो जति जानकार छ भन्ठान्यो, ऊ उति नै भ्रष्ट भएको छ पलपलमा । एकातिरको हावा, अर्कोतिरको झोलुङ्गो भएको महसुस पो हुन्छ । जसले आफूलाई आन्तरिक रूपमा परिवर्तन गराइसकेको छ, उसलाई अरूको परिवर्तनमा कहीं कतै चासो नै हुँदैन, जसले आफूलाई आन्तरिक रूपमा परिवर्तन गराएकै छैन, उसले नै बिगुल फुकिरहन्छ परिवर्तनको ।

अरूका लागि राम्रो बन्नेहरू अन्ततः जीवनदेखि थाक्ने गर्दछन् । एउटा-एउटाका लागि राम्रो बन्नुभन्दा पनि स्वभावलाई राम्रो बनाउन सक्नु जीवनको सर्वोत्कृष्ट कला हो । मलाई ईश्वरले देखिरहनुभएको छ भन्ने आन्तरिक समझले गल्ती हुनबाट बचाउन कवचको कार्य गर्दछ । व्यस्त शहरहरूमा सिसिटिभी क्यामराको व्यवस्था गरिएको हुन्छ आज-भोलि, कारणवश कसैबाट गल्ती भएमा सहजै मानिस उम्कन सक्दैन, प्रविधि बलवान् छ । हजारौं नेत्र भएका सर्वशक्तिमान् जगत् नियन्ताको क्यामराबाट कठै को पो उम्किएला । र पनि कर्मको दागलाई सहजै नजर अन्दाज गरिदिन्छ मानिस । जान्दछ– कर्मको कलमले जीवनका पन्नाहरूमा दाग बनाएको छ र पनि बेपरवाह । विवेकको स्थानमा स्वभाव हावी हुनपुग्यो आज आएर मानवको जीवनमा । गल्ती हो भन्ने पनि थाहा छ, गर्न नहुने पनि हो तापनि वशमा छ मनको र भावको । थाहा हुनु र बोध हुनुमा अन्तर छ । जानकारीको भकारी हुनुमा आजको प्रविधि सहायक छ । प्रविधिको दासताले मानव मन कमजोर हुँदै गएको पो हो कि ?

परमात्मा शिवबाबा भन्नुहुन्छ साधनले साधनालाई प्रभाव नपारोस् । साधन साधनाको सहजताको लागि प्रयोग हुनुपर्ने हुन्छ । हिजोसम्मको समाजमा छोटो छोटो विश्रामका समयमा मन परमात्मामा केन्द्रित गर्ने गरेका प्रसंगहरू सुन्ने गरिन्थ्यो, आत्म-केन्द्रित समाज थियो । आज समयले कोल्टो फेरेको छ, समय पायो कि आज मोवाइलका अनेकौं सुविधालाई उपयोग गर्ने चेष्टाले मानवले मनलाई बोझिल बनाउँदै लगेको छ । फलतः जीवनको मूर्तिमा लागेका दागहरू देख्ने फुर्सद नै कहाँ छ र ?

होसियार । दाग भएका मूर्तिको कहीं कतै पूजा हुँदैन । बेदाग हीरा बन्न सकौं, भएका भूलहरूलाई स्वीकार गरौं, शिक्षकको रूपमा लेऔं भविष्यका लागि सजगता अपनाउँदै जाऔं, हामी नै स्वयम् मूर्तिकार हौं आफ्ना लागि । नयाँ वर्ष २०७२ले यही प्रेरणा देओस् हामी सबैलाई ।

– ब्रह्माकुमार विजयराज सिग्देल

## जीवन यात्रामा अन्तिम समयसम्म साथ दिने मित्र

✍ छिरिङ नोर्बु तामाङ, भरतपुर सुधारगृह

एउटा मानिसका तीन जना मित्रहरू थिए । एक पटक उसलाई एकाएक अदालतमा मुद्दा पर्‍यो । साक्षी बक्ने मान्छे उपस्थित गराउनुपर्ने भयो । त्यसका लागि उसले आफ्ना मित्रहरूको सहायता लिने विचार गर्‍यो । ऊ मित्रहरूमध्ये पनि घनिष्ट मित्रकहाँ गयो र भन्यो– मित्र ! मलाई अदालतमा एउटा मुद्दा परेको छ र त्यसमा साक्षी बसिदिनुपर्ने भएको छ । तिमी नै मेरो घनिष्ट मित्र भएको नाताले म तिमीकहाँ सहयोग माग्न आएको हुँ, के तिमी मसँग अदालतमा गएर साक्षी बसिदिन सक्छौ ? साथीले भन्यो, मलाई साक्षी बस्ने भनेको के हो नै थाहा छैन, मलाई अदालतका काम कारबाहीका बारेमा पनि केही ज्ञान छैन । म तिमीसँग अदालत गएँ भने मलाई पनि केही हुने पो हो कि भन्ने डर लाग्छ । त्यसैले मलाई माफ गर तिमीसँग अदालत जान सक्दिनँ । अनि प्यारो मित्रको यस्तो नकारात्मक प्रतिक्रियाले ऊ अलिक चिन्तित भयो र दोस्रो साथी भएकहाँ गयो । सबैकुरा बताइसकेपछि उसले सोध्यो– के तिमी मलाई मदत गर्न सक्छौ ? दोस्रो साथीले जबाफ दियो, मलाई अन्यथा नसम्झ म तिमीसँग अदालत जान्छु, तर म कठघरामा चाहिँ उभिन सक्दिनँ । मलाई माफ गर । आफ्नो दुवै मित्रहरूको यस्तो नकारात्मक जबाफ सुनेपछि त्यो मानिस धेरै चिन्तित भयो त्यसपछि ऊ तेस्रो मित्र भए ठाउँमा गयो । जीवनमा खासै महत्त्व नदिइएको त्यो मित्रलाई भेट्न भनी झिनो आशाका साथ तेस्रो मित्रलाई आफ्ना सम्पूर्ण वृत्तान्त सुनायो । मित्रले भन्यो मित्र डराउन पर्दैन । म तिमीसँग अदालत जान्छु र तिम्रो भलाइका लागि जे गर्नुपर्ने हुन्छ त्यो गर्छु । म तिम्रो लागि सधैं भलाईका लागि सोचिरहन्छु ।

जसमाथि झिनो आशा राखेको थियो उसैले उसका भलाईका लागि मरिमेट्ने कुरा गर्‍यो । उसका मनमा धेरै

*बाँकी ७ पजमा.......*

# ज्ञान मर्दछ हाँसेर रोई विज्ञान मर्दछ

✍ ब्रह्माकुमार रामसिंह ऐर, काठमाण्डौ

आधुनिक युगमा मानिस पानीमा माछाभन्दा तेज गतिले तैरिरहेको छ, जरायो र खरायो भन्दा पनि तीव्र गतिले जमीनमा दैडिरहेको छ तथा गिद्ध र बाजभन्दा पनि तीव्र वेगले आकाशमा उडिरहेको छ । संसारको एक कुनाबाट अर्को कुनासँग प्रत्यक्ष वार्ता गरिरहेको छ भने आमुन्ने सामुन्ने एक अर्काको दर्शन गरिरहेको छ । तत्क्षण प्रत्यक्ष प्रसारणको आनन्द लिइरहेको छ । विज्ञानले अनेक असम्भव कुरालाई सम्भव गरी चामत्कारिक रूपमा प्रगति गरेको छ । विज्ञान र प्रविधिबाट अनेक सुख सुविधाका सर साधनहरूको प्रयोग भइरहेको छ । मानवको जीवन सोखिन र सुविधाभोगी बनेको छ । लवाई खुवाई ठाँट-बाँठ तथा स्टाइलिस जीवनशैली एवं आनौठो प्रकारको दौडधुप र व्यस्त बेफूर्सदिलो दौडमा छ । कसैसँग समय छैन । साँच्चै विज्ञानले मानिसलाई काम गर्न सहज गराए पनि व्यस्तताको अनुपात भने बढेको प्रतीत हुन्छ । विज्ञानका तमाम उपलब्धि मानव दिल दिमागमा वाह-वाहका गुंजायमान ध्वनि बनेका छन् । विज्ञानले जल, हावा, अग्निजस्ता तत्त्वहरूमाथि समेत आधिपत्य जमाएको छ । यस अर्थमा धन्यवाद छ, विज्ञानको सतत् प्रयास तथा उसका आविष्कारहरूलाई ।

विज्ञानका अनेक वरदान र उपलब्धि हुँदा-हुँदै पनि विज्ञानको यस युगमा दु:ख, कष्ट, हत्या काण्ड, बम्बार्ड तथा अनेक प्रकारका वेइमानीहरूको भने झन् झन् बिगबिगी बढिरहेको छ । एकातिर सुखका साधनहरू बनेका छन् भने अर्कोतिर विज्ञानका साधनहरू नै विनाशकारी घातक अस्त्र, शस्त्रका रूपमा देखापरेका छन् । उदाहरणका लागि अमेरिकाको ट्विन टावरको निर्माण गर्न कति परिस्कृत प्रविधि, सजगता, बौद्धिक कसरत अथाह मेहनत तथा ठूलो जन धनको व्यय गरी बनाइएको थियो । संसारभरिका सबैप्रकारका आवश्यक वस्तु, सामान त्यसै टावरबाट प्राप्त हुन्थे । कति मानिसहरूको कारोबार कार्य व्यवहार चलिहरको थियो, त्यस गगन चुम्बी ट्विन टावरबाट । तर दुर्भाग्य सेप्टेम्बर ११, २००१ को कालो दिनले विज्ञानले नै सुख सुविधाका लागि यात्रा गर्न बनाइएका दुईवटा विमानको टकरावले त्यत्रो भवन थोरै समयमा धराशायी हुनगई शोकाकुल क्षणमा परिणत गरायो । यसमा जुन, धन तथा भौतिक रचनाको अथाह हानि नोक्सानी भयो, सबैका सामु स्पष्ट नै छ । यस्तै प्रकारले संसारभरि भइरहेका यावत् वितन्डताले जुन रूप लिइरहेको छ तथा विनाशकारी तथा विध्वंसकारी विज्ञान प्रदत्त हात हतियारको प्रयोग भइरहेको छ जस्ता घटना र परिस्थितिहरू निर्माण भइरहेका छन् । वास्तवमा यो उक्ति प्रसिद्ध नाटककार एवं साहित्यकार बालकृष्ण समज्यूले उद्धृत गर्नु भएको "ज्ञान मर्दछ हाँसेर रोई विज्ञान मर्दछ" भन्ने कुरा सत्य सिद्ध हुँदै गइरहेको प्रतीत हुन्छ ।




यस बाहेक विश्व परिवेशमा जुन प्रकारका घटना परिघटना भइरहेका छन् तथा शक्तिशाली राष्ट्रहरू शक्ति सन्तुलनका नाममा जुन प्रकारले विनाशकारी हात हतियारको वृद्धि तथा सैन्यबललाई झन् झन् सशक्त बनाइरहेका छन् तथा एक-अर्काप्रति जुन प्रकारको शंका, उपशंका, भय र अविश्वासको वातावरण बनेको छ त्यसले अझ योभन्दा कति ठूलो दु:खद र संकटपूर्ण बेलालाई आमन्त्रण गर्ने हो त्यो हेर्न बाँकी नै छ । रसिया र युक्रेनबीचको विवाद, आफगानिस्थान-सिरिया विवाद तथा अन्य क्षेत्रका विवादले विश्व विवादको कुन भयंकर रूप लिने हो भन्न गाह्रो छ । तर यी सबै लक्षणहरू मानव समुदायका लागि ठूला अभिशाप र अनिष्टका रूपमा देखा परेका छन् । विनाशकारी अस्त्र शस्त्रको जुन परिमाणमा निर्माण भएको छ त्यसका विज्ञहरू धम्की दिन्छन्– यदि मौजुदा आणविक अस्त्र शस्त्र (Atomic Weapons) को पूरै प्रयोग हुने हो भने यस पृथ्वीलाई ५० पटक विनाश गर्ने हैसियत राख्दछ । यस प्रकारले सम्पूर्ण मानव जातिको भविष्य नै अन्यौलमा परेको छ । मानौं यो संसार नै एक बिहान बन्न सक्दछ । अर्थात् विज्ञानले गरेका सबै महान् उपलब्धिको अन्तिम परिणाम दु:खद नै हुने लक्षण देखिन्छ । विज्ञानले विनाशकारी शक्तिमा गरेको आविष्कारलाई अधिकार सम्पन्न नेतृत्वको एकमात्र अविवेकपूर्ण आक्रोशजन्य र अहंकारपूर्ण निर्णयले संसारको दु:खद अन्त्य हुने अवस्था झन् झन् जटिल र प्रबल बन्दै गइरहेको छ । विज्ञान बलबाट बढेको आपसी वैरभाव, प्रतिस्पर्धा, क्रुरता र स्वार्थपूर्ण मनस्थिति नै दु:खद अन्त्यको कारण बन्ने छ । जब विज्ञान बल बम, मिसाइल, क्षेप्यास्त्र, एटम बम, फाइटर प्लेन तथा अन्य हात हतियारहरूले खेल खेल्न थाल्नेछ निश्चित रूपमा विज्ञानको रोइ कराई अन्तिम दु:खद गति प्राप्त हुनेछ ।

अर्कोतिर अध्यात्म ज्ञानको शक्तिको अहम् भूमिका आफैंमा महान् एवं अद्वितीय छ । बाह्य रूपबाट मूल्यांकन गर्दा अत्यन्तै सामान्य र सादगी रूपमा देखिने आध्यात्मिकता आन्तरिक रूपमा निकै बलशाली, सकारात्मक र सुखद परिणाम प्रदान गर्ने महत्त्वपूर्ण सूत्रका रूपमा सिद्ध हुन्छ । बाह्य शक्ति र उपलब्धिलाई मात्रै वास्तविक मान्ने वर्तमान मनस्थितिलाई आध्यात्मिक शक्तिले पनि प्रेक्टिकलमा महान् परिवर्तनको भूमिका निर्वाह गर्दछ भन्ने कुरा पत्याउन गाह्रो हुन्छ । तर जस्तो भनिन्छ– न पत्याउने खोलाले बगाउँछ, ठीक यो उखान वर्तमानमा भौतिक विज्ञानको शक्तिको चकाचौधको बेलामा गुप्त रूपमा आध्यात्मिक शक्तिको महान् कार्य पनि द्रुतगतिले अगाडि बढिरहेको छ । अब धेरै समय छैन यस शक्तिको प्रत्यक्षता हुनुमा । साँच्चै आध्यात्मिक ज्ञानबाट आलोकित मानव जीवन व्यक्तिगत रूपमा तथा सामूहिक रूपमा अत्यन्तै हर्ष, खुशी, स्नेह प्यारको सौहार्दमय सामञ्जस्यताका साथ सम्पन्न हुन्छ । साकार जीवन यात्रा सबैले पूरा गर्नै पर्दछ । जीवन लिएर यसको परित्याग त हुन्छ नै तर कुन चेतना, स्मृतिका र अवस्थाका साथ अन्त्य हुन्छ त्यसले जीवनको उचाइलाई निर्धारण गर्दछ ।

आध्यात्मिक ज्ञानले मानिसलाई दु:ख र सुखको मूल कारणको स्पष्ट बोध गराउनुका साथै सुखका पक्षलाई जीवनमा निरन्तरता दिने बल प्रदान गर्दछ भने दु:खको निवारणको तरिकालाई सही ढंगले जीवनमा अपनाउन समेत सिकाउँछ । प्रथमत: आध्यात्मिक ज्ञानले मानिसलाई उसको शाश्वत अजर, अमर आत्मिक अस्तित्वको बोध गराइदिन्छ । आत्मारूपी शक्ति कहिल्यै पनि नाश हुँदैन, उसको मृत्यु हुँदैन, कुनै पनि विनाशकारी अश्त्रशस्त्रले उसलाई मार्न सक्दैन । यसका साथै उसका मौलिक गुण, धर्म, स्वभाव-संस्कारको विषयमा समेत उसलाई स्पष्ट गरिदिन्छ र उसमा देखा परेका अवगुण, दोष, आसुरी वृत्तिहरू बाहिरबाट आयातित कुरा हुन् उसका आफ्ना मौलिक कुरा होइनन् भन्ने समेत दर्शाइदिन्छ । अत: यिनीहरूलाई स्थान दिनाले नै म स्वयं पनि दु:खी बनें र अरूलाई पनि दु:खी गर्न पुगें । यस जागृतिले उसमा पराई चीज काम, क्रोध, लोभादि विकारको त्याग तथा आफ्ना मौलिक कुराहरू ज्ञान, गुण, शक्ति र मूल्यहरूलाई पुनर्जागृत् गर्ने हौसला र उमंगको विकास हुन्छ । क्रमबद्ध रूपमा विधिवत् सत्य ज्ञानको चिन्तन र राजयोगको अभ्यासका माध्यमबाट व्यक्ति अन्तर्मनका कमजोरीलाई सफाचट (wipe out) गर्न सफल हुन्छ भने उसका मौलिक मूल्य, शक्ति र गुणहरूलाई सक्रिय गरी बाह्य स्रावित गर्न समर्थ र सक्षम बन्दछ ।

आध्यात्मिक ज्ञान र योगको उन्नयनबाट मानिस सबैप्रति स्नेह, प्यार, दया, करुणा, सद्भाव, सहयोगको भाव र कल्याणकारी भाव राखी भ्रातृत्व भावको पवित्र सम्बन्धमा आवद्ध हुन पुग्दछ । समाजमा देखा परेका विविध धार्मिक, जातीय रंग, लिङ्ग आदिको विभेदबाट माथि उठेर सबैप्रति समभाव र सम्मानको दृष्टिकोण राख्दछ तथा त्यही अनुसार नै व्यवहार गर्न पुग्दछ । सबैलाई आफ्ना तर्फबाट मनसा, वाचा, कर्मणा सुख होस् कदाचित् दु:ख नहोस् भन्ने उसको अन्तर्मनको भावना हुन्छ । उसबाट सर्वत्र सुख, शान्ति, पवित्रताका प्रकम्पनहरू प्रसारण हुने गर्दछन् । उसले सबैको भलो र उपकार नै सोचेको हुन्छ । उसको मानसिक तहमा कसैप्रति दुश्मनी, ईर्ष्या, नफरत वा घृणाको भाव हुँदैन । उसले आफूप्रति अपकार गर्नेलाई समेत उपकार र दया, स्नेह गर्ने हैसियतको विकास गरेको हुन्छ । उसले विस्तारै सांसारिक व्यक्ति, वैभव र

बाँकी ४ पजमा......

**बल भन्ने कुरा निर्भयतामा छ, शरीरमा मासुको थुप्रो लाग्दैमा बल हुन्छ भन्ने होइन । – महात्मा गान्धी**




*चिनारी :* यो ३-५ फिट अग्लो, डाँठ रातो, बालामा हरियो फुल्छ । यो मूलाजस्तै तर रातो र गुलियो गानो हुन्छ । *गुण-धर्म :* यसको सबै भाग मूत्रल, पत्थरीनाशक, ऋतुस्राव नियामक, पित्तनाशक, ज्वरहर, मृगौला पौष्टिक मानिन्छ । *औषधीय उपयोग* : यसको बीजको तेलले मालिस गर्दा दुखाइ र सुन्निएको ठीक हुन्छ । यसको कन्दबाट शक्खर निस्कन्छ । यसको ताजा कन्द खाँदा पेट शुद्धि गर्छ, कब्ज खोल्छ, रक्तविकार र चर्मरोगमा लाभ दिन्छ । यसको गानो पिसेर लगाउँदा शिरशूल, कपाल झरेको, सुन्निएको, आगोले पोलेको आदिमा फाइदा पुऱ्याउँछ । यसको साग खाँदा शक्ति बढाउँछ । यसको चिनी, कन्दले हृदयलाई बल दिन्छ । यसको पातले पित्तनाश गरी पेटलाई शुद्ध पार्छ । यसलाई कन्द, साग वा काँढाको रूपमा प्रयोग गर्न सकिन्छ ।

*अन्य फाइदाहरू* : रक्तचापलाई घटाउँछ यसमा नाइट्रेटको ठूलो स्रोत भएको हुनाले यसलाई सेवन गरेपछि नाइट्राइट र अक्साइडमा परिवर्तित हुन्छ । यी दुवै अवयवले धमनी नसालाई फराकिलो बनाउँछन् र रक्तचापलाई घटाउँछ । खराब कोलेस्टेरोललाई कम गर्छ ।



**स्वास्थ्य रहस्य**

***HEALTH***

*मधुमेहलाई नियन्त्रण गर्छ :* यसले सुगरलाई रगतमा जानमा धेरै नियन्त्रण गर्ने भएकाले चिनीका बिरामीले यसलाई सेवन गरी चिनीको इच्छा पनि पूर्ति गर्न सक्छन् ।

*अनिद्रालाई ठीक गर्छ :* यसमा धेरै आइरन हुन्छ, यसले हेमोग्लुटिनिनको निर्माण गर्न मदत गर्छ र अक्सिजन तथा अन्य पोषक तत्त्वलाई शरीरका विभिन्न अङ्गमा लैजान सहयोग गर्दछ ।

*थाकेको शरीरलाई ताजगी दिन्छ* (आलस्य हटाउँछ) : यसमा नाइट्रेट नामक तत्त्व धेरै हुने भएकाले धमनी नसाको आकृति बढाई अक्सिजनको आवागमन सहज गराउँदछ । अर्को सिद्धान्त अनुसार, यसमा आइरनको मात्रा पनि धेरै हुन्छ, जसले शक्ति वृद्धि गराउँछ ।

*क्यान्सरबाट पनि बचाउँछ* : यसमा बेटास्यानिन भन्ने तत्त्व हुन्छ जसले क्यान्सरको वृद्धिलाई कम गरिदिन्छ । र यदि लामो समय यसलाई सेवन गरिराख्यो भने क्यान्सरमुक्त पनि गरिदिन्छ ।

*कब्जियत हटाउँछ* : यसमा तरल हुने रेसाहरू धेरै पाइन्छ, जसले ठूलो आन्द्रालाई सफा गर्छ र पेटलाई फ्लस गरिदिन्छ ।

*दिमागलाई शक्तिशाली बनाउँछ* : यसमा नाइट्रेटको मात्रा बढी हुने भएकाले व्यक्तिको ताकतलाई बढाइदिन्छ । यसलाई सेवन गर्नाले अक्सिजन लिने मात्रालाई बढाई दिमागलाई सही कार्य सम्पादन गर्न सहयोग पुऱ्याउँछ ।

स्रोत : आधुनिक जडिबुटी विज्ञान
एवं इन्टरनेट
लेखक : योगी धर्ममहारस

## निमित्त भाव

✍ घनश्याम के.सी., बसेनी, भरतपुर

आज संसारमा विभिन्न खाले समस्याहरू बढिरहेका छन् । मानिसका धेरै इच्छाहरू हुने र इच्छा पूरा नभएपछि मानसिक रोगको सिकार बन्ने समस्या आज संसारमा दिनानुदिन बढिरहेको छ । महंगी बढ्दै जाने र कार्यमा धेरै खट्नुपर्ने आवश्यकता पनि त्यतिकै छँदैछ । अपेक्षित तथा अनपेक्षित विभिन्न रोगहरू लाग्ने भय, आपसी प्रेम र सहयोगको हरदिन बढ्दै गइरहेको दूरी यी सबै पनि भयंकर रोगका कारण बनिरहेका छन् । यी विभिन्न अवस्थाहरूबाट आफूलाई बचाउनका लागि सरल उपाय भनेको हरेक कामकाज गर्दा आफूलाई परमात्माको निमित्त सम्झिनु नै हो । यसो गर्नाले हामी आफूलाई सबैतिर चुस्त पनि राख्न सक्छौं साथै गर्ने र गराउने त परमात्मा हुनुहुन्छ भनेपछि बोझको अनुभव पनि हुँदैन । यसो गर्दा मन सन्तुलित हुँदै जान्छ । केही भइपरिआइहाल्यो भने पनि मनमा त्यति धेरै विचलन हुँदैन । यसरी गर्ने र गराउने उहाँ नै भएपछि भगवान् हाम्रो साथ-साथमा भएको अनुभूति हुँदै जान्छ ।

एउटा बालक जंगलमा हिँडिरहेको छ, एक्लै छ । अनौठो डर लाग्दो आवाज आफूतिर आउँदा ऊ डराउँछ, डर बढ्दै गएर सातो नै पनि जानसक्छ, होस उड्नसक्छ । मानसिकतामा ठूलो आघात पर्न सक्छ । तर उसका साथमा उसले बुझ्ने अनुसारको जति जति ठूलो मानिस ऊसँग हुन्छ ऊ त्यति नै निश्चिन्त रहन्छ । मानौं दाजु वा दिदीसँग छ भने केही भरोसाको अनुभूति गर्छ, आमा भए अझ बढी र बुवा भए धेरै नै । यस्तो अवस्थामा उसलाई जिज्ञासा हुन्छ के रहेछ यस्तो आवाज निकाल्ने ? नजिकै जाने, हेर्ने, सामना गर्ने र केही कुरा सिक्ने इच्छा हुन्छ । ऊ सधैं सकारात्मक रहन्छ । लेसमात्र पनि उसमा भय देखिदैन । यसरी नै यस संसारमा पनि यदि हामी आफूलाई परमात्माको निमित्त सम्झन्छौं भने यहाँ भइरहेका सबै दृश्यलाई देख्दा-देख्दै पनि मनमा त्रास, शंका, भयको अनुभव हुँदैन किनकि साथमा स्वयं दु:ख हर्ता सुखकर्ता, सर्वशक्तिमान्, परमपिता परमात्मा, हुनुहुन्छ भन्ने निश्चिन्तता रहिरहन्छ । यसैगरी आफूलाई परमात्माको निमित्त हुँ भन्ने सोचेर आफ्नो जीवनलाई सरल बनाउन सफलता मिलोस् यही छ शुभकामना । ✺

विज्ञान........

वस्तुसँको राग, लगाव र मोहममतालाई समेत आन्तरिक मनबाट त्याग गरिसकेको हुन्छ । मानौं ऊ आन्तरिक मनबाट कहीं कत्ते बाँधिएको वा अड्किएको हुँदैन । सबै कुराको प्रयोग, सुव्यवस्थापन तथा सुमधुर सम्बन्धमा रहँदा रहँदै पनि आन्तरिकरूपबाट न्यारो र प्यारो हुन्छ । उसले किमार्थ मनसा, वाचा र कर्मण ध्वंसात्मक कार्य गर्दैन । ऊ केवल रचनात्मक मनस्थितिमा मात्रै रहन्छ । यस्ता उच्च संस्कार, स्वभाव, मूल्य मान्यताले सुंगारित आध्यात्मिक ज्ञानको धनी व्यक्ति नै ज्ञानको प्रतिनिधि वा प्रतिमूर्तिका रूपमा प्रसिद्ध हुन्छ । जसले जीवनलाई समेत खुशी तथा हर्षका साथ परित्याग गर्दछ एवं सुन्दर संस्कार र पुण्य कर्मको खातालाई सँगै लिएर जान्छ जसले गर्दा उसद्वारा आउने समाजका लागि समेत महत्त्वपूर्ण योगदान मिल्दछ । अत: वर्तमान विज्ञान र ज्ञानको अति चरमका समयमा विज्ञान र अध्यात्मको समन्वयन र सहकार्यबाट एक सुन्दर समाज र संस्कारको निर्माण गर्न सकिने छ । अन्यथा विज्ञानको मात्रै एकोहोरो दौडमा दौडने हो भने रोएर पीडा र कष्टका साथ नै यसको अन्त्य हुने कुरा प्राय: निश्चित छ । रावणको विषय उक्ति प्रसिद्ध छ उसका छोरा, नाति तथा नाता गोताको संख्या हजारौंमा थियो रे, तर मर्ने बेलामा उसलाई दागबत्ती दिने कोही पनि थिएन भनेजस्तै विज्ञानद्वारा निर्मित विनाशकारी हतियारको प्रयोग भएको खण्डमा कसैले कसैलाई दागबत्ती वा राहत दिइरहने छैनन् । दु:खद अन्त्यको सुनसान दृश्य हुनेछ । अब सबै मिली आध्यात्मिकताको ज्योति जगाऔं हर्ष र खुशीको वातावरण बनाऔं । ✺

# शुकदेव तथा राजा जनक

यस संसारमा रहँदा-रहँदै, वरिपरि दुःख र अशान्तिका घटनाहरू देख्दा-देख्दै आफ्ना श्रोत र साधनहरूलाई प्रयोग गर्दा-गर्दै पनि तिनीहरूबाट प्रभावित न हुनु, तिनीहरूको आकर्षण वा लगावबाट मुक्त रहनु र आफ्नो कर्तव्य पनि ठीक तरिकाले पूरा गर्नु जटिल कुरा हो । त्यसैले कतिपय मानिसहरू शान्तिको खोजीमा घरबार त्याग गरी जंगल तिर लागेको अथवा गुफा-कन्दरातिर गएको हामी पाउँछौं । सम्झन्छन्– घरमा बसेर जहान परिवारसँग रहेर शान्ति मिल्न सक्दैन । तर आखिर जहाँ गए पनि शान्ति त मिल्न सक्दैन । संन्यास भनेको वास्तवमा एउटा मानसिक प्रवृत्ति हो र यो कुनै भौतिक कुरामा अथवा वस्तु वैभव, धन सम्पत्ति आदिमा निर्भर हुँदैन । यहाँ यसै विषयमा राजा जनकको उपमा दिइएको छ :

धेरै वर्ष पहिले व्यास नाम गरेका एकजना विद्वान् थिए, जो श्रीमद्भागवत गीताका रचनाकार मानिन्छन् । आफ्नो आध्यात्मिक शक्तिद्वारा उनले एउटा पवित्र आत्मालाई आफ्नी श्रीमतीको गर्भमा प्रवेश गर्न प्रेरित गरे । गर्भमा बच्चा बढ्दै गयो, उनले गर्भमै उसलाई आफ्नी माताको अर्धचेतन दिमागबाट पुराणको गुप्त रहस्यको बारेमा पढाए । जन्मेपछि यिनको नाम शुकदेव रह्यो । आफ्ना मातापिताको शिक्षाले गर्दा उनी एकदमै असाधारण सिद्ध हुन पुगे । सात वर्षको उमेरमै उनी शास्त्रहरूका राम्रा ज्ञाता भए र यो संसारको संन्यास गरी एउटा सत्यको खोजीमा लाग्न अग्रसर भए । भारतवर्षमा यो मान्यता रहँदै आएको छ– कुनै पनि जिज्ञासुले गुरु नबनाइकन आध्यात्मिक ज्ञान लिन सक्दैन ।

जब शुकदेवले गुरुको खोजीमा जाने निर्णय गरे, उनको बुवाले उनलाई राजा जनककहाँ जाने सल्लाह दिए जो एउटा प्रान्तका शासक थिए । जसै शुकदेव राजदरबारमा प्रवेश गरे, उनले राजालाई एउटा हीरा मोतीले सिंगारिएको सुनौलो राजसिंहासनमा विराज(मान भएको देखे । वरिपरि राज दरबारियाहरू थिए तथा छोटो एवं विशेष किसिमका पोशाक लगाएका केही युवतीहरूले राजाको दायाँ बायाँ उभिएर भारतीय संस्कृति अनुसार गरम मौसममा राजालाई ठूलो पंखाले हम्किरहेका थिए । राजा आफूले ठूलो पूर्वीय ढाँचाको पाइप तानिरहेका थिए । यस दृश्यले शुकदेव प्रभावित भएनन्, निराश हुँदै उनी फरक्क दरबारबाट बाहिर निस्कन लागे ।

उनी मुर्मुराउँदै बोल्न थाले, “मलाई लाज लाग्छ मेरा बुवाले मलाई एउटा यस्तो व्यक्तिकहाँ पठाउनुभयो जो सांसारिक वस्तुहरूमा पूर्ण लिप्त छ ! एउटा भौतिक साधनहरूमा लिप्त भएको व्यि(क्तले कसरी ज्ञान दिन सक्छ र गुरु बन्न सक्छ ?”

तैपनि राजा जनक एउटा राजा हुनुको साथै एउटा सन्त पनि थिए । उनी संसारमा थिए तर संसारका थिएनन् । आफ्नो उच्च आ(ध्यात्मिक महानताको कारणले शुकदेवको मनमा उठेका भावहरूलाई उनले सजिलै अनुभव गरे । सन्त राजाले उनलाई फिर्ता बोलाउन एउटा दूत पठाए । गुरु र शिष्य दुवैको भेट भयो । राजाले आफ्ना दरबारियाहरूलाई त्यहाँबाट जाने अनुमति दिए र तुरुन्तै ईश्वरको बारेमा आफ्नो नयाँ शिष्यसंग ज्ञान चर्चा प्रारम्भ गरे । चार घन्टा बिते । शुकदेवलाई छटपटी हुन थाल्यो र भोकाए तर उनले ईश्वरीय नशामा मस्त रहेका राजा जन(कलाई बाधा पुऱ्याउने साहस गर्न सकेनन् ।

अर्को घन्टा पनि बित्यो र त्यत्तिकैमा दुइटा दूत आएर भन्नथाले, “महाराज, पूरा शहरमा आगो लागेको छ ! आगोका लप्काहरू दरबारतिर बढिरहेका छन् । महाराज, आगो निभाउन भइरहेको प्रयासको निरीक्षण गरी उचित कदम चाल्नुहोला ! राजाले जबाफ दिए, “म मेरो साथी शुकदेवसँग सर्वका संरक्षक ईश्वरको बारेमा छलफल गर्न व्यस्त छु । मलाई अरू कुनै कुराको लागि फुर्सद छैन ।”

एक घन्टापछि, ती नै दुई दूतहरू राजा जनककहाँ फेरि दौडिदै आइपुगे र अनुरोध गरे,“ महाराज, कृपया भाग्नुहोस् ! राजदरबारमा आगो लागिसक्यो र अब हजुरको कोठा नजिक आइपुग्दैछ ।” राजाले जवाफ दिए,“ केही छैन ! मलाई बाधा न पुऱ्याऊ, म मेरो साथीसंग ईश्वरीय अमृत पिइरहेको छु । जाऊ र सकेजति आफैं गर ।”

राजाको व्यवहारले शुकदेव आश्चर्यमा परे तर उनले त्यस दुर्घटनाबाट आफू कत्ति पनि प्रभावित नहुने कोशिस गरे । त्यसको केही छिनपछि आगाका लप्काले भेटेका दुइजना दूतहरू राजाको अगाडि चिच्याउँदै आइपुगे, “महाराज आगोका लप्काहरूले हजुरको सिंहासन समातिसकेको छ ! हजुरहरू दुवै जल्नुभन्दा अगाडि भाग्नुहोस् ।” राजाले प्रत्युत्तरमा भने, “तिमीहरू दुवै जना भाग र आफूलाई बचाओ । मैले विनाशकारी आगोको ज्वालाको डरभन्दा पनि सर्वको रक्षा गर्ने भगवान्को हातमा एकदमै शान्तिको अनुभव गरिरहेको छु ।” दूतहरू भागे । आगोको ज्वालाहरू दनादन शुकदेवसंग भएका पुस्तकहरूको थुप्रोतिर बढे तर राजा कत्ति पनि नचलिकन बेवास्ता पूर्वक बसिरहे ।

शुकदेव अब निकै डराए र आफूमाथिको नियन्त्रण हराए । उनी आफ्नो ठाउँबाट आधा उठे र पुस्तकहरूलाई जल्नबाट बचाउन आगोको ज्वालालाई हातले निभाउने प्रयास गर्न थाले । राजा जनकले मुस्कराउँदै आफ्नो हात हल्लाए । कस्तो अचम्म ! एकैछिनमा आगो तुरुन्तै हरायो । शुकदेव डराउँदै आफ्नो स्थानमा बसे ।

राजाले शान्त स्वरमा भने,“ युवक शुकदेव, तिमीले मलाई सांसारिक वस्तु वैभवमा लिप्त अपवित्र राजा सोचेका थियौ, होइन ? अब तिमी आफैलाई हेर ।

शुकदेव अवाक् रहे । उनले सोचे– “मैले आफ्ना पुस्तकहरूको रक्षा गर्ने क्रममा सबैको रक्षक ईश्वरको चिन्तनलाई नै त्याग गरें तर आफ्नो दरबारमा आगो लाग्दा पनि राजाले प्रभुप्रेममा र उहाँको चिन्तनमा मग्न भइरहे । मलाई ईश्वरले यो पाठ सिकाएको हो– उहाँ त सच्चा ईश्वर भक्त पो हुनुहुँदो रहेछ । राजदरबारको कार्यभार सम्हाल्दा सम्हाल्दै पनि प्रभुप्रेममा मस्त ।” शुकदेवले ती सन्त राजालाई बल्ल चिने र आफ्नो गुरु स्वीकारे ।

राजा जनक जीवनमा साक्षी भएर रहन्थे अर्थात् भौतिक साधनहरू हुँदा-हुँदै, प्रयोग गर्दा गर्दै पनि तिनीहरूको प्रभावबाट बचेर रहन्थे । उनले शुकदेवलाई यस संसारमा रहँदा यसबाट मुक्त रहने अथवा यसको लगावबाट मुक्त हुने अनुशासनका अनेकौं विधिहरू सिकाए । यस क्रममा एकदिन, राजाले आफ्नो यस नयाँ शिष्यलाई दुइवटा तेलले भरिएका कचौराजस्तै देखिने दियाहरू दिए । राजाले भने, “यी दियालाई आफ्नो दुवै हत्केलामा राख र यिनमा भएको तेल कत्ति पनि नपोखी राज दरबारका भव्य कोठीहरू घुमेर आऊ । तिमीले त्यहाँ भएका प्रत्येक कुरा हेरिसकेपछि फर्केर आऊ तर याद राख यदि तिमीले एक थोपा तेल पनि कारपेटमा चुहायौ भने मलाई मान्य हुने छैन र तिम्रो तालिम अझै जारी रहनेछ ।”

राजा जनकले आफ्ना दुई दूतहरूलाई शुकदेव सँगसँगै जान र दियाहरूको तेल सकिने बि(त्तिकै तिनीहरूलाई भर्न पनि आदेश दिए । तेल पनि नपोख्नु र प्रत्येक चीजहरू पनि हेर्दै जानु, यो एकदमै कठिन काम थियो तर दुई घन्टा पछि शुकदेव हातको दियोहरूबाट कत्ति पनि तेल नपोखिकन खुसी र गौरवले उत्तेजित हुँदै फर्के ।

राजाले भने, “युवक शुकदेव, मलाई विस्तारपूर्वक भन– तिमीले मेरो प्रत्येक कोठीमा के-के देख्यौ ? यो सुनेर शुकदेवले जवाफ दिए, “गुरु महाराज, मेरो एकमात्र उपलब्धि भनेको मैले कार्पेटमा कत्ति पनि तेल पोखिन । मेरो दिमाग खालि तेल नपोख्नमा नै केन्द्रित थियो यसैले मैले कोठामा के-के थियो केही पनि थाहा पाइनँ ।”

राजा जनकले अनि घोषणा गरे, “तिम्रो यो जवाफले म निराश भएको छु ! मेरो परीक्षालाई तिमीले पूर्णतया पूरा गरेनौ । मेरो आदेश थियो तिमीले मेरो दरबारका कोठाहरूमा भएका प्रत्येक कुरालाई हेर्नु र तेल पनि नपोख्नु । जाऊ यी दियाहरू लिएर पुन: फर्क र तिम्रो वरिपरि भएका प्रत्येक कुरालाई सावधानी पूर्वक हेर्दै तेल नपोखी आऊ ।”

दश घन्टापछि शुकदेव शान्तपूर्वक फर्के । उनलाई कत्ति पनि तेल नपोख्ने र पहिले जस्तै पसिना-पसिना भई कत्ति पनि उत्तेजित नभई आउने आदेश थियो । आदेशानुसार उनी त्यहाँ राखिएका प्रत्येक वस्तुहरू बारे सोधिएका राजाका सबै प्रश्नहरूको उत्तर दिन समर्थ भए । राजाले यसको रहस्य स्पष्ट गरे, “हो, यसरी नै म रहन्छु : म राजदरबारमा रहन्छु तर म यसको हेरचाह गर्दागर्दै पनि यसमा लिप्त हुन्न । यसको लगावबाट अलग रहन्छु । म जहिले पनि आत्माको ज्योतिलाई हेर्छु ।”

त्यसैले आत्मा अभिमानी हुने अभ्यास गर्नाले हामी उपराम हुन सक्छौं । साथसाथै हामीले हाम्रो कर्तव्यलाई पनि भुल्नु छैन तर हरेक कुरालाई पूरा सावधानी र विधिपूर्वक गर्नु छ । ❋

✍ प्रस्तोता– प्रेमराज लेखक,
गीतानगर

लिंक http://bkdrluhar.com/00-Books/01-Book%20Store%20Books/02.%20English%20Book%20Store%20Books/061.%20Story%20Time.pdf

जस्तोसुकै काम गरे पनि यस्तो महसुस गर– काम गरेको होइन बरु खेल खेलेको हो । ❋ शिवबाबा

# अद्वितीयता–आत्मरक्षाको अभेद्य कवच

ब्रह्माकुमार हेमन्त, शान्तिवन, आबुरोड

वर्तमान समयलाई दौडको समय भनियो भने अतिशयोक्ति नहोला । किनकि जहाँ गए पनि जो व्यक्ति पनि दौडिरहेको छ । कोही पैसा र प्रेमका पछि दौडिरहेका छन् भने कोही प्रसिद्धि र प्रतिष्ठाका पछि । एउटा व्यक्तिले धेरै धन चलाएको देखेपछि अर्को पनि धेरै धन पाउने दौडमा सामिल हुन्छ । कोही नाम, मान, शानको दौडमा अल्झिएको पाइन्छ भने कोही महल गाडीको दौडमा दौडिन्छन् । आफ्नै खुबी भए नभए पनि एकले अर्कालाई देखेर ऊभन्दा म के कम भन्दै त्यस्तै दौडमा सहभागी बन्दछ । व्यक्ति, वस्तु, वैभव वा पदार्थ पाउने अन्धा दौडमा प्रतिभागी बन्दछ । जसरी सागरमा विना लक्ष्यको नौका तुफानसँग ठक्कर खाँदा-खादै चकनाचुर हुन पुग्छ, त्यस्तै सांसारिक अन्धो मान्छेले अन्धा धुन्धमा दौडिएको लक्ष्यहिन माझीसमान आफैंको सर्वनाश गरेर बस्दछ ।

तर प्रश्न यो उठ्दछ– यो अन्त्यहीन दौड अथवा प्रतिस्पर्द्धाको मूल कारण के हो । यसको कारण हो तुलना । अर्कोसँग के छ जो मसँग छैन यसै तुलनामा मानिस चिन्तित हुन्छ । ऊ आफूसँग भएका कुराबाट सन्तुष्ट हुनुको साटो अर्कोसँग के कति छ भन्ने अनावश्यक चासो गरेर नै बढी दुःखी हुने गर्दछ । जुन चीज अरूसँग छ त्यसलाई पाउने इच्छाको दास बन्दै जान्छ । विशेष विचारणीय कुरा यो छ– अरूसँग तुलना गर्नु कहाँसम्म उचित हो । वास्तवमा हर मानवमा रहेको आत्मा आफैंमा अनौठो छ, हर व्यक्ति स्वयं नै विशेष छ । आफैंलाई थोरै ध्यान दिएर हेरौं, के तपाईंजस्तो अरू कोही छ यस दुनियाँमा ? तपाईंको जस्तै अङ्ग भएका अरू कोही पनि छैनन् । जसरी तपाईं सोच्नुहुन्छ त्यो विशेषता यो संसारमा अरू कसैमा छैन । विधाताले तपाईंलाई जुन रूप-रंगले सजाउनुभएको छ त्यस्तै रूप रंग अरू कसैलाई दिइएको छैन । जो तपाईंको भाग्यले तपाईंलाई दिएको छ त्यो अरू कसैको झोलीमा छैन । जुन कला तपाईंसँग छ त्यो अरूसँग नहोला । जो तपाईं गर्नुहुन्छ त्यो अरू कसैले गर्न सक्दैन ।

हर मानवात्मा वास्तवमा विधाताको अनुपम रचना हो । जो आफैंमा अनौठो छ, अद्वितीय छ, जसको कोहीसँग जोडा मिल्दैन, तालमेल खाँदैन । परन्तु खेद यो कुराको छ– आज ईश्वरको सन्तान स्वयंले स्वयंलाई अरूसँग तुलना गरेर ठूलो भूल गरिरहेको छ । भगवान्ले दिएको खुबीलाई भुलेर स्वयंमा अपूर्णतामात्र खोजेर दुःखी भइरहेको छ । चारैतिर हेरौं आज मानिस यसैले र मात्र यसैले दुःखी छ– ऊसँग अरूको जस्तो सामान छैन । तर यो कदापि सम्भव हुँदैन । गर्न त विभिन्न गुण वा विशेषताहरूले नै व्यक्तिको परिचय अस्तित्वको वा व्यक्तित्वको रक्षा गर्दछ । हरेकसँग समान सत्ता, सम्पत्ति वा सौन्दर्य हुन सक्दैन । यदि हुने हो भने समाज र संसारको सन्तुलन नै बिग्रने थियो । सबैका शरीरका अङ्ग-रङ्ग, चाल-चलन पनि एउटै हुन् सक्दैनन् । यो प्रकृतिको नियमविपरीत हुन जान्छ । यदि यस्तो भइ नै हाल्ने हो भने पनि जीवनरूपी नाटकको कुनै मजा नै आउँदैन । मानौं, कुनै नाटकमा सबै राजा बने भने नाटकको मनोरञ्जन आउँदैन । यसैले भनिन्छ– म पनि राजा तिमी पनि राजा कसले बजाउँछ बेन्ड बाजा वा म पनि रानी तिमी पनि रानी कसले भर्छ पानी ।

दुनियाँमा पनि सुन्दर चेहरालाई देखेर मानिसहरू भन्छन्– यसको मुख त चन्द्रमाको टुक्राजस्तै छ । जसको हर कार्य सबैभन्दा अनौठो होस्, यस्तो अद्वितीय रूपवान् त लाखौंमा एउटा हुन्छ ! वास्तवमा अद्वितीयताले नै अतिविशेष बनाएर संसार वा इतिहासमा अमर स्थान प्रदान गरेको छ । अपार नाम-मान-शान दिएर चाँद लगाउने गुण हो अद्वितीयता । अद्वित(ीयता अर्थात् अनेकौंमा एकमात्र हुनु वा ऊजस्तै दोस्रो नहुनु । व्यक्ति, वस्तु, कृति वा प्रकृतिको दोस्रो पर्याय नहुनु, खुबी, कला, कोशलको अरूसँग तुलना सम्भव नहुनु पनि अद्वितीयता नै हो । यो त्यो विशेष गुण हो जसले भीडमा पनि अस्तित्वको रक्षा गर्छ वा स्पर्धामा सजिलैसँग जिउन सघाउँछ । अद्वितीय नै अतुलनीय हुन्छ, त्यसबाट तुलना वा स्पर्धा कसले गर्छ ? अद्वितीय व्यक्ति वा चीज त आकर्षणको केन्द्रबिन्दु हुन्छ । अद्वितीयताले राजकाजको अधिकारी बनाउँछ ।

अतः सदा याद रहोस् तपाईं ईश्वरको अद्वितीय रचना हुनुहुन्छ, तपाईंजस्तो दोस्रो बनाइएको नै छैन । दुई जना मानिस उस्तै-उस्तै देखिए पनि आदत, गुण वा खुबीमा समान हुँदैनन् उनीहरूमा कुनै अन्तर अवश्य हुन्छ । सृष्टि नाटकमा एउटाको काम अर्कोले गर्न सक्दैन, एकको पुरुषार्थ वा भाग्य दोस्रोको समान हुँदैन भने फेरि दोस्रोसँग तुलना वा स्पर्धाको के अर्थ ? अरूसँग तुलना गर्नाले त तनाव वा डिप्रेसन पैदा हुन्छ, तर अद्वितीयताको स्मृतिद्वारा स्वमानको जागृति वा हीनताको विस्मृति हुन्छ, जसद्वारा आत्मविश्वास जाग्दछ र तनाव हट्दछ । अतः हर व्यक्तिलाई अद्वितीय बनाएर ईश्वरले मानिसमाथि बडो उपकार गरेको छ । एक्टरलाई राजाको रोल मिलोस् वा भिखारीको उसले त्यसलाई अनौठो बनाइदिन्छ र हीरो बनेर सम्मान वा सम्पत्ति प्राप्त गर्छ । सम्बन्ध, कर्म, कर्तव्य चाहे साधारण होस् तर अद्वितीय हुन्छ भने व्यक्तिको नाम प्रसिद्ध हुन्छ । ब्रह्माकुमारीको ईश्वरीय विश्व विद्यालयकी प्रथम प्रशासिका मातेश्वरी सरस्वतीजीको हर अनौठो कुराले प्रभावित भएर सबैले सम्मान दिन्थे ।

यसै पनि अरूसँग तुलना गर्नु आत्म गौरव होइन, हीनता हो र जोसँग आत्म-गौरवको अभाव हुन्छ उसले आत्मरक्षा गर्न सक्दैन । स्वयंभित्र छुपेको गुण र विशेषतालाई पहिचान गरेर सशक्त र समर्थ बन्न सम्भव छ । जसकारण व्यक्ति आजको स्पर्धामा दौडिदा-दौडिदै पनि सुरक्षित रहन सक्छ । स्वयंको अद्वितीय अस्तित्वको महसुसले नै आजको आधुनिक संसारमा एकमात्र रक्षाकवचको काम गर्छ । सही अर्थमा आत्म-गौरव आत्म-रक्षाको अभेद्य कवच हो । यसैले कहिल्यै पनि अरूसँग तुलना गरेर स्वयंले नै स्वयंको निरादर वा अपमान नगरौं । अद्वितीय अस्तित्वको महसुसद्वारा आत्मरक्षा गरेर आत्म गौरव बढाऔं, यही मेरो शुभकामना ।

# मृत्यु

ब्रह्माकुमारी तुलसी, गीतानगर

मृत्यु भन्ने शब्दसँग हामी सबै चिरपरिचित छौं नै । सायद आज मृत्युसँग नडराउने कोही नहोला तर के गर्नु जति डराए पनि एक न एक दिन मर्नैपर्छ, त्यसैले डराउनु किन ? वास्तविकता बुझिसकेपछि हामीलाई यो ज्ञान हुन्छ– जो मृत्युदेखि डराउँछ ऊ कायर हो । मर्नुभन्दा अगाडि नै ऊ पटक-पटक मरिसकेको हुन्छ । जसरी एउटा बालकलाई अँध्यारोमा जान डर लाग्छ त्यसरी नै उसलाई पनि मृत्युदेखि डर लाग्छ । तर महावीर जो हुन्छ ऊ जीवनमा एक पटकमात्र मर्छ, ऊ मृत्युदेखि डराउँदैन । वास्तवमा जन्म र मृत्यु जीवनका दुई पक्षहरू हुन् । जन्म शुरुवात हो भने मृत्यु अन्त्य हो । जसरी हामी जन्मलाई सुखदायी रूपमा स्वीकार गर्छौं, खुसियाली मनाउँछौं तर मृत्युलाई सजिलोसँग स्वीकार गर्न सक्दैनौं । इच्छाले स्वीकार नगरे पनि बाध्यताले भए पनि स्वीकार त आखिर गर्नैपर्छ । त्यसैले आफ्नो स्वरूपलाई जानौं र मृत्युलाई खुसीले स्वीकार गरौं । मृत्यु त केवल शरीरको हुन्छ । आत्माको होइन । जब आत्माले ५ तत्त्वको शरीरमा प्रवेश गर्छ तब ऊ जीवात्मा कहलाउँछ । आत्मालाई शरीर मिल्नु जरुरी छ । शरीर विना त आत्माले पनि केही गर्न सक्दैन । आत्मा एक्लैमात्र पनि जीवन होइन । फेरि यदि शरीरमा आत्मा छैन भने शरीरले मात्र पनि केही गर्न सक्दैन । जीवन अर्थात् जहाँ शरीर र आत्माको सम्बन्ध हुन्छ । शरीर भनेको आत्माको कपडा हो । आत्माले यो शरीर छोडेर अर्को लिन्छ यसकारण देहान्त भनिन्छ अर्थात् एउटा देहको अन्त्य । अन्त्यसँग शुभारम्भ पनि जोडिएको हुन्छ । त्यसैले मृत्यु नयाँ जीवनको प्रवेशद्वार हो । कसैको जन्म कसैको मृत्युको कारणले हुन्छ । एक ठाउँमा त्यही घटनाले सुख दिन्छ भने अर्को ठाउँमा त्यही घटनाले दुःखी बनाइरहेको हुन्छ । कारण हो आफ्नो स्वरूपलाई नजान्नु । वास्तवमा म भनेको एक ज्योति स्वरूप आत्मा हुँ । आत्मा अजर, अमर र अविनाशी छ । अजर अर्थात् जो कहिल्यै बुढो हुँदैन । अमर अर्थात् जो कहिल्यै मर्दैन । अविनाशी अर्थात् जो सदाको लागि रहेको छ, जसलाई न कसैले बनाएको हो र न कहिले विनाश हुन्छ । विनाश त केवल शरीरको हुन्छ ।

मृत्युसँग डराउनुपर्ने कारणहरू :-

१ शरीर खतम भएपछि सबैथोक खतम हुन्छ भन्ने सोचाइ राख्नु ।

२ इच्छाहरूलाई पूरा गर्नको लागि गलत कर्म गर्न पनि पछि नपर्नु र अनि पापको सजायको डर हुनु ।

३ धर्मशास्त्र अनुसार भनिएको छ ८४ लाख योनिमा जन्म लिनुपर्ला त्यसैले कमिला कुकुर विरालो आदि भएर जन्म लिनुपर्ने भविष्यको चिन्ता हुनु ।

## अध्यात्म......

यसैद्वारा योगी-प्रयोगी बनेर हामी परमानन्दको अनुभव गर्न सक्छौं ।

पुण्य कर्मको प्रभाव अत्यन्त अनुपम छ । यसमा ईश्वरीय याद भइरह्यो भने आत्माहरू पावन बनेर महान् बन्दै जानेछन् । यसबाट अनन्त विभूति-अनुभूति हुन्छ । परिणाम स्वरूप आत्मा विश्व विजयी पनि बन्न सक्छ । यस्तो उच्च आत्मामाथि सर्वतोमुखी आनन्दको बर्सा भइरहन्छ । पुरुषोत्तम संगमयुगमा पुण्य कर्म गर्ने आत्माहरू स्वर्णिम महल र कञ्चन कायाको अधिकारी बन्दछन् । समुन्नत विज्ञानले पनि सृष्टिको उत्थान पतनको रहस्य बताउन सकिरहेको छैन । अध्यात्मले अहिले सृष्टि चक्रका बारेमा क्षण-क्षणको सही उत्तर दिइरहेको छ । विज्ञानले निर्जीव पदार्थलाई सर्वशक्तिमान्को रूपमा प्रस्तुत गरिरहेको छ भने अध्यात्म दैवी संस्कृतिद्वारा धरामा स्वर्ग उतार्न लागेको छ । वैज्ञानिक संसाधनको भरपूर भएपछि पनि दिव्य संस्कार नभएका कारण आज पापाचार-भ्रष्टाचारको नै साम्राज्य छ । संस्कारवान् भएपछि पनि साधन सुविधा भएन भने जीवन भट्किइरहन्छ । अब अध्यात्म र विज्ञानको समन्वयित रूपको पुल बनाउनु आवश्यक भएको छ ।

नर-नारी, सुख-दुःख, दिन-रातजस्तै जीवन र जडता एउटै सिक्काका दुई पाटा हुन् । विपरीतार्थक हुनेभएकाले नै संसारमा आकर्षण र सृजन हुन्छ । बढ्दो वैज्ञानिक प्रभावका साथै अब आध्यात्मिक उत्थान आवश्यक भएको छ । धर्म सम्प्रदायमा अल्भिएर अध्यात्मबाट कोसौं टाढा गएर खडा भएको छ आजको मानव । विज्ञानको धरामा स्वर्ग उतार्ने सपना परमाणु बमद्वारा कुनै पनि क्षणमा ध्वस्त हुनसक्छ । जसरी दिन र रातको संगम अनिवार्य छ त्यसरी नै वैज्ञानिक परिवेशमा अब आध्यात्मिक प्रकाशको आवश्यकता भएको छ । आन्तरिक जागृतिद्वारा अध्यात्मले नै जीवनलाई आभामय बनाउन सक्छ । विज्ञानद्वारा प्रकाशित हुँदा-हुँदै पनि दुनियाँमा अज्ञानताको अँध्यारो लहराउँदै गइरहेको छ । विनाश र विकृतिको कालिमा छाएको छ । देवी देवताजस्ता कोही पनि आभायुक्त छैनन् ।

इलेक्ट्रोन-न्यूट्रोन-प्रोटोनद्वारा विज्ञानले अपरिमित ऊर्जा पैदा गरिरहेको छ भने मन-बुद्धि-संस्कारको दिव्यीकरणद्वारा अध्यात्मले मनुष्यमा देवत्व जागृत् गर्दछ । देह, देहको सम्बन्ध वा पदार्थलाई मात्र विज्ञानले सबै कुरा सम्झिएको हुन्छ । अध्यात्मले परमधामवासी परमात्मासँग मंगल मिलन मनाउन सल्लाह दिइरहेको छ । विस्फोटक ऊर्जाद्वारा विज्ञानले दुनियाँलाई जलाएको छ । अध्यात्मले दिलको दूरीलाई हटाएर वसुधालाई कुटुम्ब बनाइरहेको छ । विज्ञानले शारीरिक जीवनलाई नै सबैकुरा सम्झन्छ भने अविनाशी आत्माको अध्ययन नै आध्यात्मिकताको केन्द्र बिन्दु हो । दिव्य गुण र ईश्वरीय शक्तिद्वारा सजिएको आत्माले नै धरामा सुख-शान्ति ल्याउन सक्छ । यसैले मठ पन्थमा भट्किइरहेर कमजोरमात्र बनि नरहौं अब त अध्यात्मलाई विज्ञानको मार्ग दर्शक बनाऔं तब धरा स्वर्ग बन्नेछ ।

## जीवन यात्रामा......

नै पश्चात्ताप लाग्यो, जीवनभर खासै महत्त्व नदिइएको साथीले मेरो सधैं भलो सोचेको रहेछ, उसका आँखा रसाएर आए ।

यस कथामा ती पात्रहरू को-को हुन् । कथाको मुख्य पात्र वास्तवमा संसारमा नाटक खेलिरहेको व्यक्तिको हो । उसका तीन साथीहरूमध्ये पहिलोले मानिसलाई अति नै प्यारो लाग्ने धन सम्पत्ति तथा सवारी साधन आदिलाई जनाउँछ । हामीले संसारमा जन्मिएपछि एकदिन यस संसारलाई छोड्नैपर्ने हुन्छ । संसारलाई छोड्दै गर्दा यी धन सम्पत्ति, सवारी साधन आदि हामीसँगै जाँदैनन् । त्यसैका लागि देखाइएको छ पहिलो मित्रले अदालतसम्म जान पनि अस्वीकार गऱ्यो । दोस्रो मित्रले हाम्रो घर-परिवार, इष्टमित्र, नाता सम्बन्धी जनाउँछ । उहाँहरू हामीले शरीर छोडेपछि घाटसम्म मात्रै जान्छन् ।

तेस्रोले हामीले जीवनभर जानी वा नजानी गरेको कर्मलाई जनाउँछ । मृत्यु शरीरको हुन्छ आत्माको होइन । वास्तवमा जड शरीरमा बसेर कर्म गर्ने चैतन्य आत्मा नै हो । जब चैतन्य आत्माले जड शरीरलाई त्यागेर जान्छ साथमा आफूले जीवनभर गरेका कर्मको प्रतिफल– पाप, पुण्य तथा संस्कारमात्र लिएर जान्छ । अर्को जन्ममा घर परिवार, धन, सम्पत्ति, उच्च कुल, नीच कुल यस जन्मको संस्कारले नै निर्धारण गरिसकेको हुन्छ । त्यसोभएको हुनाले मनुष्यले आफ्नो कर्मलाई नै ध्यान दिएर श्रेष्ठ कर्म, पुण्य कर्म र अरूलाई सुख शान्ति, खुशी भलाइका लागि कर्म गर्न जरुरी हुन्छ ।

## नयाँ वर्ष २०७२को शुभकामना

परमात्मा शक्तिद्वारा महापरिवर्तन
आयो बोकेर नव वर्ष शिव वरदान ।।
पर्दछ बस्नु शिव यादमा बन्न पावन
बन्दछ नवीन अति सुन्दर हाम्रो जीवन ।।
परिवर्तनका व्यापक लक्षण देखिन थालेका छन्
देव आत्माले परमात्म दर्शन पाउन थालेका छन् ।।
सत्यम् शिवम् सुन्दरम्मा लाग्छ सबैको मन
हुन्छ परमात्मा ज्योतिमा नै सुन्दर समायोजन ।।
अब यो धरामा स्वर्ग आउँदछ
देवताहरूको दिव्यताले संसार छाउँदछ ।।
खुशीमा डुबुल्की मार्दै यो मन रमाउँछ
त्यो पावन नवयुगमा जिउन कति मजा छ ।।
उदायो भित्र सत्ययुगी सूर्य जगाऔं अब चेतना
चलौं हामी शिव श्रीमतमा नगरी कुनै बहाना ।।
बन्नु छ सबैले देव समान राख्नु छ पवित्र भावना
नव युगका नवराजहरूलाई नववर्षको शुभकामना ।।

✍ रामकाजी, सिमरा

## गजल- नयाँ जोस

वर्षदिन पछि नववर्ष फेरि पनि आएको छ
नयाँ जोश जागृति अनि उमङ्ग छाएको छ ।
खोलिदै छ अब नयाँ वर्षसँगै नव जीवनको ढोका
खुसी भई कोइलीले पनि मधुर संगीत गाएको छ ।
हुन्छ उदय अब छिटै स्वर्णिम प्रभातको
कागले पनि अब सुखद खबर सुनाएको छ ।
धैर्य गर मीठे बच्चे शिवबाबा भन्नुहुन्छ
हरेकको मस्तिष्कमा प्रशन्नताको किरण सलबलाएको छ ।
ब्राह्मणको शुभभावना शुभविचार र चिन्तनले
धर्ती आकाश दुवैले केही विश्राम पाएको छ ।
आधाकल्पको लामो प्रतीक्षासँगै
राम राज्य ल्याउने अब मनोकामना पूरा भएको छ ।

✍ ब्रह्माकुमारी ईश्वरी, बूढानीलकण्ठ

*व्यक्ति स्वभावैले सामाजिक प्राणी हो ।* –अरस्तु



**तेह्रथुम** : सुधार गृहमा ईश्वरीय सन्देश दिएपश्चात् ग्रुप फोटोमा ब्रह्माकुमारी गीता दिदी, जेल प्रमुख तथा अन्य ।




**भरतपुर, नारायणगढ** : ग्रुप फोटोमा १) मध्यमाञ्चल क्षेत्रिय प्रहरी तालिम केन्द्र तथा २) भरतपुर ब्यारेकमा ब्रह्माकुमार राजु घलेद्वारा प्रशिक्षित सकारात्मक जीवनशैली कार्यक्रमका सहभागीहरू ।



**लंकू, चितवन** : झण्डोत्तोलन कार्यक्रमको दीप प्रज्ज्वलन गर्नुहुँदै समाज सेवी दधिराम सापकोटा, ब्रह्माकुमारी सविना तथा अन्य ।



**आस्था टोल, भरतपुर** : आध्यात्मिक प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै समाज सेवी यमनाथ सुवेदी, ब्र.कु. सीता, नवरत्न टोल सुधार समितिका अध्यक्ष मान ब. खड्का, ब्र.कु. मीना, समाजसेवी कृष्ण प्रसाद अधिकारी एवं नन्दन पन्त ।

## भोले बाबा

परमात्माको सन्तान हेर हामी सबै आत्मा
जगाऔं अब सबैलाई सुतेका ती अज्ञान रातमा ।

अब पतित दुनियाँदेखि बनौं सबै न्यारा
शुभ कार्य गरेर बनौं शिवबाबाको प्यारा ।

काम, क्रोध, लोभ, मोह, अहंकार नगरौं है
शुद्ध आत्मा पवित्र मनमा कुनै विकार नभरौं है ।

एउटै धर्म, एउटै राज्य हुन्छ त्यहाँ हेर
आजै ज्ञान सुनी बुझौं कस्तो रहेछ एक फेर ।

पतित पावन शिवबाबा हुनुहुन्छ, ज्ञान सागर
ज्ञान सुनी मनमा गुनी भरौं मनको गागर ।

नगरौं है ढिला अब पुरुषार्थ गर्नलाई
सेवाधारी बनी कल्याण गरौं विश्वलाई ।

बितेकोलाई बिन्दी लगाई शुभ कर्म गरौं
नयाँ युग स्थापना गर्न पुरुषार्थ गरौं ।

पुतली तामाङ, पालुङ




**मोहना, टाँडी** : राजयोग शिविरको उद्घाटन गर्नुहुँदै खाने पानी तथा सरसफाइ डिभिजन कार्यालय, भरतपुरका प्रमुख चक्रपाणि शर्मा आचार्य, ब्र.कु. लक्ष्मी दिदी, ब्र.कु. शर्मिला तथा अन्य ।



**पथरी, शनिश्चरे** : परमात्मा शक्ति तथा वरदान प्राप्तिको लागि राजयोग ध्यान शिविर कार्यक्रमपश्चात् समाजसेवी वीर बहादुर बस्नेतलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी मीरा साथमा ब्रह्माकुमार राजु तथा अन्य ।



**माडी, चितवन** : सेवाकेन्द्रको भवन शिलान्यास गर्नुहुँदै माननीय सभासद् रामकृष्ण घिमिरे, ब्रह्माकुमारी लक्ष्मी दिदी, ब्र.कु. सुभद्रा तथा अन्य ।

प्रापक : ..............................................
..............................................
..............................................
..............................................

संरक्षक : निर्देशक ब्रह्माकुमारी राजदिदी ❋ सल्लाहकार : ब्रह्माकुमार रामसिंह ऐर ❋ प्रधान सम्पादक : ब्रह्माकुमार अर्जुन श्रेष्ठ ❋ सम्पादक : ब्रह्माकुमार विजयराज सिग्देल ❋ सह–सम्पादक : ब्रह्माकुमार भागवत नेपाल ❋ प्रकाशक : ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, ॐ शान्ति भवन, नारायणगढ, चितवन। फोन: ०५६-५२०५४७, E-mail:gyanjyoti.monthly@gmail.com, Website:www.bkchitwan.org, www.brahmakumaris.com ❋ मुद्रक : मल्टि ग्राफिक प्रा. लि., बाफल, काठमाण्डौं